बर्दघाट नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बर्दघाट, नवलपरासी
लुम्बिनी प्रदेश
नेपाल

*बैठक संख्या:*

आज मिति २०८३ साल जेष्ठ २२ गते दिउसो ३:०० बजे नगर प्रमुख श्री शम्भुलाल श्रेष्ठज्यूको अध्यक्षतामा बसेको नगर कार्यपालिकाको बैठकमा उपस्थिति तथा भएका निर्णयहरु यस प्रकार छ ।

<u>उपस्थिति</u>

| क्र.सं. | दस्तखत | नाम थर | पद |
|---|---|---|---|
| १. | | श्री शम्भुलाल श्रेष्ठ, प्रमुख | प्रमुख |
| २. | | श्री रुद्र प्रकाश उपाध्याय, उप-प्रमुख | उप-प्रमुख |
| ३. | | श्री बाबुराम पौडेल, प्रमुख प्रशासकीय अधिकृत | सचिव |
| ४. | | श्री सन्त बहादुर गाहा, प्रवक्ता | सदस्य |
| ५. | | श्री सन्दिप सापकोटा, वडाध्यक्ष, वडा नं. १ | सदस्य |
| ६. | | श्री गणेश बहादुर क्षेत्री, वडाध्यक्ष, वडा नं. २ | सदस्य |
| ७. | | श्री प्रकाश चन्द्र अधिकारी, वडाध्यक्ष, वडा नं. ३ | सदस्य |
| ८. | | श्री बेधविना तिवारी, वडाध्यक्ष, वडा नं. ४ | सदस्य |
| ९. | | श्री विमला गुरुङ्ग, वडाध्यक्ष, वडा नं. ५ | सदस्य |
| १०. | | श्री रोहीत थारु, वडाध्यक्ष, वडा नं. ६ | सदस्य |
| ११. | | श्री धुर्व थारु, वडाध्यक्ष, वडा नं. ७ | सदस्य |
| १२. | | श्री कविराज आचार्य, वडाध्यक्ष, वडा नं. ८ | सदस्य |
| १३. | | श्री चन्द्रकान्त चापागाई, वडाध्यक्ष, वडा नं. ९ | सदस्य |
| १४. | | श्री राजु मिश्र, वडाध्यक्ष, वडा नं. १० | सदस्य |
| १५. | | श्री फणेन्द्र चौधरी, वडाध्यक्ष, वडा नं. ११ | सदस्य |

बर्दघाट नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बर्दघाट, नवलपरासी
लुम्बिनी प्रदेश

| | | | |
|---|---|---|---|
| १६. | | श्री उमाशंकर चौधरी, वडाध्यक्ष, वडा नं. १२ | सदस्य |
| १७. | | श्री नर बहादुर चौधरी, वडाध्यक्ष, वडा नं. १३ | सदस्य |
| १८. | | श्री रुद्र बहादुर आले, वडाध्यक्ष, वडा नं. १५ | सदस्य |
| १९. | | श्री भिमकाजी गुरुङ्ग, वडाध्यक्ष, वडा नं. १६ | सदस्य |
| २०. | | श्री मन्जु चालिसे, कार्यपालिका सदस्य | सदस्य |
| २१. | | श्री सुमित्रा ढकाल, कार्यपालिका सदस्य | सदस्य |
| २२. | | श्री रिता ढुँगाना, कार्यपालिका सदस्य | सदस्य |
| २३. | | श्री जानकी न्यौपाने, कार्यपालिका सदस्य | सदस्य |
| २४. | | श्री रिता कुमारी सुनार, कार्यपालिका सदस्य | सदस्य |
| २५. | | श्री प्रेम बहादुर भुजेल, कार्यपालिका सदस्य | सदस्य |
| २६. | | श्री गोविन्द विश्वकर्मा, कार्यपालिका सदस्य | सदस्य |
| २७. | | श्री बुद्धेराम वि.क., कार्यपालिका सदस्य | सदस्य |
| | | व्यवस्थापन टोलि | |
| २८. | | श्री पुष्कर काफ्ले, वरिष्ठ प्रशासकीय अधिकृत | |
| २९. | | श्री विष्णुलाल पुरी, वरिष्ठ लेखा अधिकृत | |
| ३०. | | श्री कृष्णबहादुर थापा क्षेत्री, अधिकृत छैठौं | |

**प्रस्तावहरु** :

१. आर्थिक वर्ष २०८३/०८४ को नीति तथा कार्यक्रम सम्बन्धमा ।

२. लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण नीति, २०८३ सम्बन्धमा ।

३. नगरस्तरीय दलित समन्वय समिति गठन सम्बन्धमा ।

४. योजना तथा कार्यक्रमको (ठेक्का) म्याद थप सम्बन्धमा ।

५. शिर्षकान्तर सम्बन्धमा ।

६. ट्रयाक्टरको जोताइ भाडा दररेट कायम सम्बन्धमा ।

७. कृषि बोरिङ्गको सिंचाई शुल्क दररेट कायम सम्बन्धमा ।

८. विविध ।

क) सुरक्षित आप्रवासन (सामी) कार्यक्रम सम्बन्धमा ।

ख) बर्दघाट नगर अस्पतालमा कार्यरत कर्मचारीको रात्रीकालिन डिउटीको थप सुविधा सम्बन्धमा ।

ग) प्राविधिक नापी टोलीको फिल्ड भत्ता सम्बन्धमा ।

प्रस्तुत प्रस्तावित विषयहरुमा छलफल गरियो ।

**निर्णय नं. १**

- बर्दघाट नगरपालिकाको नगरसभाको १८ औं अधिवेशनमा पेस गर्न भनी मस्यौदा समितिबाट तयार भई आएको आर्थिक वर्ष २०८३/२०८४ को नीति तथा कार्यक्रम स्वीकृत गरी नगरसभामा पेस गर्ने ।

**निर्णय नं. २**

- विधेयक समितिबाट दफावार छलफल भई आएको **"बर्दघाट नगरपालिकाको लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण नीति, २०८३"** स्वीकृत गर्ने ।

**निर्णय नं. ३**

- **"बर्दघाट नगरपालिकाको दलित समन्वय समिति गठन, सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८३"** को दफा ४ को उपदफा (१) को (ख), (घ) र (ङ) वमोजिम दलित समुदायको हक, हित संरक्षण र सम्वर्धनमा विशेष योगदान पुऱ्याएका देहाय वमोजिमका व्यक्तिलाई मनोनयन गर्ने ।

**तपशिल**

उपदफा (ख) दलित समुदायको कार्यपालिका सदस्य मध्येबाट कार्यपालिकाले तोकेको १ जना सदस्य श्री **रिता सुनार,** कार्यपालिका सदस्य

उपदफा (घ) वडा सदस्य निर्वाचित दलित महिला सदस्य मध्येबाट कार्यपालिकाले तोकेको १ जना सदस्य श्री **शकुन्तला धरिकार,** वडा नं. १२

उपदफा (ङ) दलित समुदायको हक हित संरक्षण सम्वर्धननमा विशेष योगदान गर्ने संघ संस्था एवम् पेसा व्यवसाय समेतको प्रतिनिधित्व हुने गरी कार्यपालिकाले तोकेको १ महिला सहित ३ जना सदस्य

श्री **सागर बि.क,** बर्दघाट-१४

श्री **पूर्न बहादुर बि.क.,** बर्दघाट-९

श्री **विनिता वि.क.,** बर्दघाट-२

निर्णय नं. ४

- निर्माण सामाग्रीको सहज उपलब्धतामा बाधा पुगी समयमानै निर्माणका कार्य सम्पन्न गर्न कठिनाइ भएकोले चालु आ.व मा ठेक्का प्रकृयामार्फत सञ्चालन भएका योजनाहरु निर्माण सामाग्री अभाव तथा चर्को मूल्य वृद्दिका कारण तोकिएको समयमा कार्य सम्पन्न नहुने देखिएकोले म्याद थपको लागि सम्बन्धित निर्माण व्यावसायीबाट निवेदन पेस भएकोमा कार्यालयको निर्देशनअनुसार बैंक ग्यारन्टी अद्यावधिक गरी पेश गरेका तपसिलमा उल्लेख भए बमोजिमका ठेक्काको म्याद देहायअनुसार गर्ने र विभिन्न उपभोक्ता समितिबाट समेत निवेदनहरु प्राप्त भएकोमा ०८३ आषाढ १० गते सम्म म्याद थप गर्ने ।

| क.स. | ठेक्का नं. | योजनाको नाम | कम्पनीको नाम | काम शूरु मिति | शुरु सम्झौता अनुसार सम्पन्न गर्नु पर्ने मिति | हाल म्याद थप भएको मिति |
|---|---|---|---|---|---|---|
| १ | ५/०८२/०८३ | वडा नं १४ को कार्यालयबाट पवित्रवस्ती हुँदै प्रतापपुर सिमा सम्म जाने बाटो पिच वडा नं १४ सि. नं. १०५६ | मानुसी कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा .लि.बर्दघाट, नवलपरासी | ०८२/०९/३० | ०८३/०१/३१ | ०८३/०३/१० |
| २ | ३१०८२/०८३/ | पाँचकुने पार्क तथा बाल उद्यान निर्माण वडा नं ४ र जेष्ठ नागरिक तथा बाल उद्यान व्यवस्थापन | वनदेवी निर्माण सेवा बर्दघाट-१२ | ०८२/१२/२५ | ०८३/०२/११ | ०८३/०३/१० |
| ३ | १३०८३/०८२/ | वडा नं १३ को वडा कार्यालय भवन निर्माण | पुजा निर्माण सेवा पाल्हीनन्दन ३-नवलपरासी | ०८२/११/१० | ०८३/०२/३१ | ०८३/०३/१० |

निर्णय नं. ५

क) चालु आर्थिक वर्षको वार्षिक नगर विकास कार्यक्रम (आव २०८२/०८३ इ. भि. गाडी खरिद शीर्षकमा (ब.सि.नं. १५७) छुट्याइएको बजेट रु ४५,००,०००/-(रुपैया पैतालिस लाख मात्र) रकम मध्येबाट कार्यालयमा दैनिक विद्युतिय समस्याका कारण कार्यालयको कामकाज प्रभावित भएकोले विद्युतिय प्रयोजनार्थ **जेनेटर खरिद** गर्न रु १९,५०,०००/- (रुपैया उन्नाइस लाख पचास हजार मात्र) रकमान्तरको लागि नगरसभामा पेस गर्ने

ख) चालु आ.व.२०८२/८३ को क्र.स.८६९ प्रारम्भिक बालविकास सहजकर्ता तालिम शीर्षकमा विनियोजत रकम रु.४००००० रकम मध्येबाट शिक्षकहरूको लागि नेपाली र अङ्ग्रेजी हस्तलेखन सुधार सम्बन्धी तालिम कार्यक्रम गर्न रु २,००,०००/- (दुइ लाख मात्र) रकमान्तरको लागि नगरसभामा पेस गर्ने

ग) चालु आ.व.२०८२/८३ को वार्षिक नगर विकास योजनाको क्र.स. ८८८ मा शैक्षिक सामाग्री तथा विज्ञान प्रदर्शनी प्रोत्साहन मूल्याङ्कन तथा सम्मान कार्यक्रम शीर्षकमा विनियोजत रकम रु.६,५०,००० मध्येबाट राजा महात्मा पूर्णभद्र माविमा छात्रावास व्यवस्थापका लगि अनुदान शीर्षकमा रु ३,००,०००/- (तीन लाख मात्र) रकमान्तरको लागि नगरसभामा पेस गर्ने ।

घ) बर्दघाट नगरपालिकाको "बर्दघाट नगरपालिकाको विनियोजन ऐन, (पहिलो संशोधन) २०८२ " को दफा ३ को उपदफा ३ वमोजिम आर्थिक वर्ष २०८२/०८३ को कार्यक्रम, आयोजना, क्रियाकलापको देहाय वमोजिमको संशोधित (रकमान्तर तथा शिर्षकान्तर) विवरण स्वीकृतको लागि नगरसभामा पेश गर्ने ।

| | नगरस्तरबाट शीर्षक परिवर्तनको लागी सिफारिस भएको योजनाहरु | | | | | | |
|---|---|---|---|---|---|---|---|
| क्र. सं. | योजना शीर्षक नं. | साविक योजनाको नाम र स्थान | वडा नं. | विनियोजित बजेट रु.(हजारमा) | परिवर्तित योजनाको नाम र स्थान | विनियोजित बजेट रु.(हजारमा) | कै |
| १ | ७३८ | नारी दिवस कार्यक्रम | १६ | ५०.० | जेष्ठ नागरिक तथा विपन्नका लागि सामाग्री खरिद | ५०.० | |
| २ | ७३९ | आ.व. २०८१।८२ मा सम्पन्न भएका योजना तथा कार्यक्रमहरुको सार्वजनिकीकरण | १६ | १००.० | बालमैत्री कार्यक्रम | १००.० | |
| ३ | ७६९ | सिद्धनगर फिल्डको पूर्व पश्चिम बाटो निकास तथा बाटो ग्रावेल | १६ | २००.० | विपद् व्यवस्थापन | १००.० | |
| | | | | | बाढीपिडित वरुवा सडक खण्डको बाटो सरसफाई | १००.० | |
| ४ | | महिला फुटवल प्रतियोगिता -परिवर्तित | १६ | ५०.० | खेलकुद सामाग्री खरिद | ५०.० | |
| ५ | | ७४५ परिवर्तित खेलकुद तथा अतिरिक्त कृयाकलाप गंगा मावि | १६ | २५.० | डेक्स बेन्च खरिद | २५.० | |
| ६ | | नगरपालिकाको मर्मत सम्भार कोषको सुस्ता गाउँपालिका र वडा नं १६ जोड्ने पुल मर्मत | १६ | २००.० | बाटो निर्माण | २००.० | |
| ७ | ५३४ | विश्वकर्मा मन्दिर स्तरीकरण | ९ | १००.० | राजा महात्मा पूर्णभद्र मा.वि.को कम्पाउण्डमा खाडल पुर्ने | १००.० | |
| ८ | ३ | कर्मचारी पोशाक | न.पा | १५००.० | विविध खर्च | ४००.० | |
| ९ | १४१ | शान्ति सुरक्षा व्यवस्थापन (इन्धन मर्मत समेत) | न.पा | ३००.० | मो.सा. सवारीसाधन मर्मत | ३००.० | |
| १० | ६७ | कर्मचारी अध्ययन अवलोकन भ्रमण कार्यक्रम खर्च | न.पा | ५००.० | कर्मचारी भ्रमण खर्च | २५०.० | |

३

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ११ | ८४ | पदाधिकारी अध्ययन अवलोकन भ्रमण कार्यक्रम खर्च | न.पा. | ५००.० | योजना अनुगमन | २००.० | |
| १२ | ५६६ | अतिविपन्न परिवारलाइ खानेपानिको धारा जडान | १० | १३०.० | विभिन्न स्थानमा बाटो ग्राभेल | १३०.० | |

ङ) चालु आर्थिक वर्षको वार्षिक नगर विकास कार्यक्रम (आव २०८२/०८३) **मर्मत सम्भार कोष** शीर्षकमा (ब.सि.नं १९५) मा छुट्टाईएको बजेट रु ७१,५०,०००/- (रुपैया एकहत्तर लाख पचास हजार मात्र) रकम मध्येबाट सोही क्षेत्रमा कार्य गर्न देहाय बमोजिम बाँडफाँड गर्ने ।

| सि.नं | योजनाको नाम | वडा नं | विनियोजन रकम रु | विद्यमान अवस्था | कै |
|---|---|---|---|---|---|
| १. | बरुवा कल्भर्ट मर्मत | १६ | २००.० | मर्मत सम्भार | |
| २ | गौरी घोलाको पुल दुवैतर्फ ग्राभेल गर्ने कार्य | १४ | २००.० | मर्मत सम्भार | |
| ३ | विषयघोला कल्भर्ट ग्याविन उपहारनगर | ४ | २००.० | मर्मत सम्भार | |
| ४ | ढल निकास वडा नं ९ वडा कार्यालयबाट तल | ९ | ७००.० | मर्मत सम्भार | |
| ५ | ग्राभेल ग्रेडिङ्ग रोलिङ्ग वडा नं ९ राजमार्ग दक्षिण | ९ | २५०.० | मर्मत सम्भार | |
| ६ | आनन्द आधारभूत विद्यालय मर्मत कार्य | १५ | २१०.० | मर्मत सम्भार | |
| ७ | बरुवा घोला मर्मत कार्य | १६ | २००.० | मर्मत सम्भार | |
| ८ | वडा कार्यालय जाने बाटोमा ढकन सहित नाला निर्माण | १२ | ३००.० | मर्मत सम्भार | |
| ९ | कभर्डहल मर्मत | ८ | २००.० | मर्मत सम्भार | |
| १० | बुद्धमंगल तालदेखि त्रिवेणी सडक जाने बाटो मर्मत | १२ | १००.० | मर्मत सम्भार | |
| ११ | भुताहा साप्ताहिक हाटवजार विद्युत मर्मत | ९ | १४०.० | मर्मत सम्भार | |
| १२ | बाटो ग्राभेल विभिन्न स्थानमा | १० | ५०.० | मर्मत सम्भार | |
| | जम्मा रु | | २७५०.० | | |

च) बर्दघाट नगरपालिकामा हरियाली प्रवर्धन कोषमा जम्मा भएको रकम मध्येबाट बर्दघाट नगरपालिका वडा नं. ४ वाढीपिडित, मनकामना स्कूलको पश्चिम क्षेत्रमा रहेको सार्वजनिक जग्गा संरक्षण गरी हरियाली प्रवर्धन गर्न प्राविधिक लागत अनुमान अनुसार तयार भएको रकम रु ६,००,०००/- (रुपैया छ लाख मात्र) विनियोजन गर्ने

**निर्णय नं ६**

- बर्दघाट नगरपालिका क्षेत्रभित्र कृषि प्रयोजनाका लागि ट्रयाक्टरको जोताइ भाडा दर आर्थिक विकास समितिको सिफारिस अनुसार देहाय बमोजिमको दररेट कायम गर्ने ।
  - ✓ कल्टिभेटर जोताइको प्रति घण्टा रु २,४००/- (दुई हजार चार सय मात्र)

✓ रोटाभेटर जोताइको प्रति घण्टा रु. २,७००/- (दुई हजार सात सय मात्र)

**निर्णय नं ७**

- बर्दघाट नगरपालिका क्षेत्रभित्र सञ्चालनमा रहेका विभिन्न प्रकारका कृषि बोरिङ्गहरु (डिप वोरिङ्ग, मझौला बोरिङ्ग र स्यालो वोरिङ्ग) को प्रस्तावित सिंचाई शुल्क दर आर्थिक विकास समितिको सिफारिस अनुसार देहाय वमोजिमको दररेट कायम गर्ने ।
  - ✓ डिप वोरिङ्ग प्रति युनिट रु. १५/-
  - ✓ मझौला वोरिङ्ग प्रति घण्टा रु. २००/- (दुई सय मात्र)
  - ✓ स्यालो वोरिङ्ग प्रति घण्टा रु. १५०/- (एक सय पचास मात्र)

**निर्णय नं ८ विविध**

क) सुरक्षित वैदेशिक रोजगारी सम्बन्धी कार्यक्रमको सेवालाई एकीकृत गरी संस्थागत रुपमा रोजगार सेवा केन्द्रमार्फत सञ्चालन तथा व्यवस्थापन गर्ने र हाल सञ्चालित मनोसामाजिक परामर्श सेवा (मनोसामाजिक परामर्श कर्ता सहित) लाई स्वास्थ्य शाखामार्फत सञ्चालन गर्ने । संघ, प्रदेश र यस नगरपालिकाको साझेदारीमा वैदेशिक रोजगारी सम्बन्धी न्यूनतम् सेवाहरुलाई संस्थागत रुपमा सञ्चालन गर्न आवश्यक स्रोत व्यवस्थापन गर्ने ।

ख) बर्दघाट नगर अस्पतालमा कार्यरत कर्मचारीहरुले रात्रीकालिन समयमा डिउटी गरी दैनिक सेवा प्रवाह गर्दै आएकोले रात्रीकालिन समयमा डिउटी गरेवापत **सङ्घीय सरकारबाट तोके वमोजिमको** थप सुविधा उपलव्ध गराउने ।

ग) बर्दघाट नगरपालिका अन्तर्गत भूमिहीन दलित, भूमि सुकुम्वासी र अव्यवस्थित वसोबासीहरुको लगत सङ्कलनमा खटिएका प्राविधिक नापी टोलिको फिल्डमा खटिएको आधारमा फिल्ड भत्ता प्रदान गर्ने ।